apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १३३ ● पृष्ठः ४ ● १७ जेठ २०८३ आइतबार (31 May 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



विचार पृष्ठ २
रूपान्तरणका लागि जनादेशः निरन्तरताको बजेट

# संघीय बजेट २०८३/०८४ कमला पुल प्राथमिकतामा परेन

## प्रदेश सरकारलाई नयाँ पुल बनाउन दबाब बढाउदै, प्रदेश सभा घेर्ने तयारी

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, जेठ १६ गते**



हुलाकी सडकअन्तर्गत सिरहा-धनुषा जिल्ला जोड्ने कमला नदीमा पक्की पुल अलपत्र परेको १५ वर्ष पुगेको छ।

तीन वर्षमा निर्माण पूरा गरि आवतजावत सहज हुनुपर्नेमा अझै काम सुस्त गतिमा भैरहेको छ। २०७८ मा समान्य वाढीमा पुलको पाया भाँसिएपछी अलपत्र र वेवास्तामा परेको छ। हुलाकी राजमार्गमा पर्ने कमला पुल नबन्दा यस क्षेत्रका लाखौं नागरिक प्रभावित बनेका छन्। नयाँ सरकार आएपछि कमला नदीमा नयाँ पक्की पुल बनाउने योजना ल्याउने आशा बोकेकाहरु निराश बनेका छन्। संघीय सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले जेठ १५ मा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा हुलाकी सडक आगामी तीन वर्षभित्र सम्पन्न गर्न र आठवटा पुल निर्माण गर्न चार अर्ब बजेट विनियोजन गरेको मात्र उल्लेख गरे। कमला पुल वारेमा स्पष्ट रुपमा उल्लेख नहुँदा पुल बन्ने कि नबन्ने भन्ने अन्यौलता वढेको छ। त्यही भएर हुलाकी सडकमै पर्ने पुनर्निर्माण भइरहेको कमला पुल नपरेको भन्दै स्थानीय रुष्ट भएका छन्। 'आफूहरूलाई नयाँ दाबी गरिरहेको सरकारले वर्षौंदेखि मधेशका नागरिकले भोग्दै आएका समस्यालाई नजरअन्दाज गर्‍यो,' सिरहाका स्थानीय अगुवा शम्भू साहले भने, 'नयाँ भनिनेले केही गर्लान् कि भन्ने आशा थियो, तर पुरानाले जति पनि नगर्ने देखियो।'

सिरहा नगरपालिका- ६ का वडाध्यक्ष इन्द्रजित यादवले कमला पुलमा आएर जसरी पनि बनाई छाड्छौं भन्दै कसम खानेहरूले सत्तामा पुगेपछि बजेटमा पुलको बारेमा एक शब्दसम्म नराखिनु राजनीतिक बेइमानी गरिएको बताए। 'सत्तामा नहुँदा मधेश र मधेशीलाई भजाउने अनि सत्तामा पुगेपछि बिर्सिने कस्तो निर्लज्जता हो?' उनको आक्रोश छ। पूरानो भाँसिएको पुल जोखिमयुक्त रहेकोले नयाँ पुलको माग लामो समयदेखी उठेको छ। ईन्जिनियर प्रवीण यादवको अगुवाईमा पटक पटक आन्दोलनदेखी आमरण अनसन लगायतका कार्यक्रम भयो।


३१ जेठ २०६८ मा पप्पु लुम्बिनी जेभीले भ्याटसहित २४ करोड ९० लाख ९७ हजार दुई सय रुपैयाँमा ठेक्का लिएको चार सय ६९.२ मिटर लामो पुलको निर्माण व्यवयासीले नै डिजाइन गरी निर्माण गर्ने मोडलमा निर्माण भइरहेको थियो। निर्माणको अन्तिम चरणको काम भइरहेका वेला १७ असार २०७८ मा कमला नदीमा आएको बाढीले पुलको सिरहातर्फ दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेको थियो। त्यसपछि पटक-पटक आएको बाढीले पुलको पश्चिमतर्फ करिब ५० मिटर खण्ड सडक बगाएको छ भने नदीको मूल भँगालो पूर्वबाट बगिरहेको छ। पूर्वी भँगालोमा बगिरहेको कमलामा १ करोड भन्दा वढीको लागतमा टेन्डरमा गत पुसमा बनाइएको ह्युमपाइपसहितको डाइभर्सन सकुशल भए पनि नदीको मध्यभागमा सामान्य पानी पर्दा पनि करिब दुई तीन फिट पानी बग्दा आवजावतमा कठिनाइ भइरहेको स्थानीयको गुनासो छ।

**प्रदेश सभा घेर्ने**

संघीय सरकारले कमला नयाँ पुल बनाउन बजेट विनियोजन नगरेको

बाँकी पृष्ठ ३

## नेकपा एमालेको मधेश प्रदेश इन्चार्जमा पुनः लीलानाथ श्रेष्ठ



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १६ गते**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमालेले मधेश प्रदेशको जिम्मेवारी पुनः स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री लीलानाथ श्रेष्ठलाई दिएको छ। यही जेठ ८, ९ र १० गते बसेको केन्द्रीय सचिवालय बैठकले श्रेष्ठ लाई पुनः इन्चार्जको जिम्मेवारी दिएको हो।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा च्यासलमा बसेको सचिवालय बैठकले प्रदेशस्तरमा संगठनात्मक सुदृढीकरण र आगामी राजनीतिक कार्यदिशालाई थप प्रभावकारी बनाउन भन्दै श्रेष्ठलाई जिम्मेवारी दिएको हो।

बाँकी पृष्ठ २

# मिर्चैयाको कटारी चोकमा ट्राफिक प्रहरी निरीह कि मौन ? नियम मिच्दा पनि किन हुँदैन कारबाही ?

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १६ गते**



मिर्चैया-कटारी चोक क्षेत्रमा दिनप्रतिदिन ट्राफिक व्यवस्थापन अस्तव्यस्त बन्दै गए पनि सम्बन्धित निकायको प्रभावकारी निगरानी र कारबाही नदेखिएको भन्दै स्थानीयवासीले तीव्र असन्तुष्टि व्यक्त गरेका छन्।

स्थानीयका अनुसार हाइस, बस, म्याजिक, अटो तथा अन्य सार्वजनिक सवारीसाधनहरू तोकिएको स्टेन्डमा नरोकी मुख्य चोकमै यात्रु चढाउने-ओराल्ने कार्य खुला रूपमा भइरहेको छ। यसले बजार क्षेत्रमा दैनिक जाम, दुर्घटनाको जोखिम र सर्वसाधारणलाई सास्ती थप्दै गएको छ। तर यति ठूलो समस्या देखिँदादेखिँदै पनि ट्राफिक प्रहरीको सक्रियता भने प्रश्नको घेरामा परेको छ।

व्यापारी तथा पैदल यात्रुहरू भन्छन्, "चोकमै सवारी रोक्ने र यात्रु चढाउने-ओराल्ने काम दिनहुँ भइरहेकै छ। नियम उल्लंघन गर्ने सवारीमाथि कारबाही नहुँदा ट्राफिक व्यवस्थापन नै कमजोर भएको अनुभूति हुन्छ।"

कटारी चोकमा अव्यवस्थित पार्किङ, सडक अतिक्रमण तथा जथाभावी सवारी रोक्ने प्रवृत्तिले बजार क्षेत्र थप अस्तव्यस्त बनेको छ। विद्यालय सञ्चालन हुने समय, बिहान-साँझको व्यस्त समयमा अवस्था झन् भयावह हुने गरेको स्थानीयको गुनासो छ।

स्थानीयवासीले प्रश्न गरेका छन्, "जब नियमविपरीत चोकमै सवारी रोकिएको सबैले देखिरहेका छन् भने ट्राफिक प्रहरी किन मौन

बाँकी पृष्ठ ३

# निजी शिक्षामा ३ प्रतिशत करप्रति सरोकारवालाको असन्तुष्टि

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ १६ गते**




निजी विद्यालय र क्याम्पसलाई ३ प्रतिशत शैक्षिक कर लगाउने व्यवस्थाप्रति सरोकारवालाहरुले असन्तुष्टि जनाएका छन्।

सरकारले बजेटमार्फत निजी शैक्षिक संस्थाहरूले लिने शुल्कमा ३ प्रतिशत शैक्षिक कर लगाउने व्यवस्थामा निजी क्षेत्रका सरोकारवालाहरूले असहमति जनाएका हुन्। शनिबार काठमाडौंमा आयोजित एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल (अपेन) को तेस्रो महाधिवेशनमा वक्ताहरूले उक्त करको प्रावधानले निजी शैक्षिक क्षेत्रलाई हतोत्साहित र त्रसित बनाएको बताए।

एन-प्याब्सनका अध्यक्ष सुवास न्यौपानेले नयाँ सरकारबाट ठूलो आशा राखिए पनि शिक्षा क्षेत्रमा कर लगाउने मुलुक बन्नु दुर्भाग्यपूर्ण भएको बताए। उनले भने, 'परिष्कृत मानिएका नीति निर्माताहरूबाट यस्तो निर्णय आउला भन्ने सोचेका थिएनौं। ४-४ महिनामा विवरण अद्यावधिक गर्नुपर्ने र नबुझाएमा १५ प्रतिशत जरिवाना तिर्नुपर्ने नीतिगत व्यवस्थाले निजी शिक्षा क्षेत्रलाई निकै अप्ठ्यारो अवस्थामा पुर्‍याएको छ।'

बाँकी पृष्ठ ४

## सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं।

- रातिहिँड्दा टर्च/बत्तीको प्रयोग गरौं।
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं।
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं।
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं।
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं।
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं।
- अस्पतालमा सर्पदंश विरुद्दको उपचार उपलब्ध हुन्छ।

**समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### महिनावारी स्वच्छता र सचेतना

सिरहाको लहानमा विद्यालयमा अध्ययनरत किशोरीहरूले महिनावारी स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भयो। महिनावारीजस्तो प्राकृतिक जैविक प्रक्रियालाई अझै पनि हाम्रो समाजका धेरै ठाउँमा लाज, संकोच र भ्रमसँग जोडेर हेरिने गरिन्छ। यस्तो अवस्थामा किशोरीहरू आफैं अग्रसर भएर सचेतना फैलाउनु सामाजिक रूपान्तरणको संकेत हो। महिनावारी कुनै रोग होइन, यो प्रत्येक महिलाको जीवनचक्रसँग जोडिएको प्राकृतिक प्रक्रिया हो। तर यसबारे पर्याप्त जानकारीको अभाव, सरसफाइमा लापरबाही, सुरक्षित सामग्रीको अभाव तथा सामाजिक संकोचका कारण किशोरीहरू मानसिक, शारीरिक तथा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याबाट प्रभावित हुने गरेका छन्।

महिनावारीका बेला स्वच्छतामा ध्यान नदिँदा संक्रमणको जोखिम बढ्नुका साथै आत्मविश्वासमा कमी, विद्यालय अनुपस्थित हुने अवस्था र मानसिक तनावसमेत सिर्जना हुन सक्छ। सिरहाको लहान नगरपालिकाले सामुदायिक विद्यालयहरूमा पर्याप्त स्यानेटरी प्याड उपलब्ध गराएको छ। यसले सामग्री वितरणको विषय मात्र भएको भन्ने होइन, किशोरीहरूको स्वास्थ्य, शिक्षा र सम्मानसँग जोडिएको संवेदनशील दायित्व पनि हो। विद्यालयमा प्याड सहज उपलब्ध हुँदा महिनावारीका कारण पढाइ छुट्ने समस्या न्यूनीकरण गर्न सकिन्छ। तर केवल प्याड वितरण गरेर मात्र समस्या समाधान हुँदैन। विद्यालयमा महिनावारीमैत्री शौचालय, सफा पानी, फोहोर व्यवस्थापनको उचित व्यवस्था, नियमित स्वास्थ्य शिक्षा तथा शिक्षक-अभिभावकबीच खुला संवाद आवश्यक छ। विशेषगरी किशोरीहरूले निसंकोच आफ्ना समस्या राख्न सक्ने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो।

महिनावारीको विषयलाई संकुचित बनाउनु हुँदैन। यसलाई व्यवहारमा उतार्न स्थानीय सरकार, विद्यालय प्रशासन, अभिभावक र समाज सबैको साझा प्रतिबद्धता आवश्यक छ। महिनावारीलाई विभेद र संकोचको विषय होइन, स्वास्थ्य र अधिकारको विषयका रूपमा स्वीकार्दै किशोरीमैत्री वातावरण निर्माण गर्नु आजको अपरिहार्य आवश्यकता हो। सिरहाको लहानबाट सुरु भएको यस्तो अभियानले जिल्लाका १७ वटा पालिकाको १६४ वटै वडास्तरमा फैलिनु पर्छ। जसले समाजमा सकारात्मक सन्देश फैलाउँदै महिनावारीसम्बन्धी भ्रम चिर्न महत्वपूर्ण भूमिका खेल्न सकिन्छ। हरेक पालिकाले यसका लागि विशेष रणनीति बनाए अघि वढ्नुपर्छ। अनि मात्र समाजको बुझाईमा फरक आउन सक्छ। यो अभियानलाई दूत रुपमा अघि बढाउनु पर्छ।

## नेकपा एमालेको मधेश प्रदेश इन्चार्जमा ............

पुनः इन्चार्ज चयन भएपछि श्रेष्ठले पार्टी नेतृत्वप्रति आभार व्यक्त गर्दै मधेश प्रदेशमा संगठन विस्तार, जनपरिचालन, सुशासन तथा विकास निर्माणका कार्यलाई अझ प्रभावकारी ढंगले अघि बढाउने प्रतिबद्धता जनाएका छन्।

उनले पार्टीले दिएको विश्वासलाई परिणाममुखी कार्यसम्पादनमार्फत सार्थक बनाउने उल्लेख गर्दै मधेशको समृद्धि र जनताको हितलाई केन्द्रमा राखेर जिम्मेवारी निर्वाह गर्ने बताए।

श्रेष्ठका अनुसार २०८२ सालको प्रतिनिधिसभा निर्वाचनको परिणामको समीक्षा गर्न एमालेले पार्टीका उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा सचिवालय सदस्य सहित १६ सद्स्य विशेष समिति गठन गरेको छ।

उक्त समितिमा आठवटै प्रदेशका इन्चार्ज सदस्यका रूपमा रहेका छन्। समितिले जिल्ला, पालिका र टोलस्तरसम्म पुगेर समीक्षा तथा विश्लेषणात्मक बैठक सञ्चालन गर्दै विगतको निर्वाचनको मूल्यांकन गर्ने र आगामी निर्वाचनका लागि थप प्रभावकारी रणनीति तय गर्नेछ।

गोलबजार नगरपालिका-७, सिरहाका स्थायी बासिन्दा श्रेष्ठले विद्यार्थी आन्दोलनबाट आफ्नो राजनीतिक यात्रा सुरु गरेका हुन्। एमालेभित्र विभिन्न महत्वपूर्ण जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दै आएका उनी हाल पार्टीको स्थायी कमिटी सदस्यका रूपमा सक्रिय छन्। उनी दुई पटक प्रतिनिधिसभा सदस्य निर्वाचित भइसकेका छन् भने विभिन्न महत्वपूर्ण मन्त्रालयको नेतृत्वसमेत गरिसकेका छन्।

श्रेष्ठको पुनर्नियुक्तिसँगै मधेश प्रदेशमा एमाले संगठन थप सुदृढ हुने, कार्यकर्ता परिचालन प्रभावकारी बन्ने तथा विकास निर्माणका अभियानले नयाँ गति लिने अपेक्षा पार्टी वृत्तमा गरिएको छ।

# रूपान्तरणका लागि जनादेश: निरन्तरताको बजेट

## बजेटले एकातिर मध्यम वर्गको आकार वृद्धि गर्ने प्रस्ट लक्ष्य राखेको छ । अर्कोतिर मध्यम वर्गलाई हानी पुऱ्याउने नीति पनि अघि सारेको छ ।



✍ डम्बर खतिवडा



अहिलेको बजेट संरचना २०४० को दशकमा डा. प्रकाशचन्द्र लोहनीले संस्थागत गरेको र २०४६ सालपछि महेश आचार्य र डा. रामशरण महतले समायोजन गरेको प्रणाली नै हो । डा. स्वर्णिम वाग्ले यही परम्पराका चिन्तक भएको हुँदा उनले त्यसैलाई पछ्याउनु कुनै आश्चर्यको कुरा भएन ।

रास्वपा समर्थकले मात्र होइन, 'कांग्रेस-कम्युनिस्ट' जस्ता परम्परागत पुराना दलको ३५ वर्ष शासनशैलीबाट मुक्ति चाहेका सबैको चाहना परिवर्तनका लागि 'डिपार्चर' नै थियो। रास्वपाले पाएको करिब ४८ प्रतिशत मत र १८२ सिटको झण्डै दुईतिहाई बहुमतको अर्थ 'रूपान्तरण' को तीव्र जनचाहना नै हो।

प्रधानमन्त्री बालेन्द्र शाह आफैं त्यस्तो रूपान्तरणका लागि कति तयार र इच्छाशक्ति भएका व्यक्ति हुन् ?, उनले बुझेको र जनताले चाहेको परिवर्तनबीच कति तदाम्यता छ वा छैन, त्यो भिन्नै कुरा तर, आम नागरिकले भने बालेन्द्र शाहलाई संवाहक बनाएर रूपान्तरणको आकांक्षा साकार गार्न चाहेका थिए। रूपान्तरणको मुर्त प्रयास सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटबाटै अभिव्यक्त हुने हो।

फाल्गुन २१ गतेको निर्वाचनमा व्यक्त जनादेश मात्र होइन, भाद्र २३-२४ गतेको जेन जी आन्दोलनपछिको राजनीतिक पृठभूमिमा बनेको सरकार हुँदासमेत यसको बजेट कस्तो होला भन्ने जिज्ञासा तथा उत्सुकता व्यापक थियो। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत गरेसँगै यो जिज्ञासा समाप्त भएको छ।

बहस अब आर्थिक वर्ष २०८३/२०८४ को बजेटमा केन्द्रित भएको छ। बजेटमा व्यक्त विचार, नीति, योजना र विनियोजनले निर्वाचनमा अभिव्यक्त जनादेशको रूपान्तरणकारी चाहनालाई कति न्याय गर्न सक्ला ? जेन जी आन्दोलनको मर्म र भावनालाई कति आतमसात गऱ्यो ? यी प्रश्न अहं बनेका छन्।

**अपेक्षाको सीमा**

प्रराम्भमै प्रस्ट गर्नुपर्ने कुरा के छ भने कुनै सरकारले चाहेर मात्रै सबै चिज हुने स्थितिमा देश छैन। हरेकका सीमा हुन्छन् र यो सरकारको पनि सीमा छ। कतिपय मान्यता, प्रचलन, संस्था र प्रचलन यसरी बनिसकेका छन्, जसलाई आम राष्ट्रिय सहमति बिना कुनै पनि सरकारले पुनरावलोकन गर्न सक्दैन। कि असल नियत, प्रस्ट सोच र इच्छाशक्ति भएको राजनीतिक शक्तिसँग व्यापक सहजता चाहिन्छ जो अहिले पनि रास्वापसँग छैन।

झिनो संख्याले सही रास्वपासँग प्रतिनिधिसभामा एकल दुईतिहाई छैन। राष्ट्रियसभामा त रास्वपा छँदै छैन। जनतामा परिर्वतनको तीव्र चाहना छ। तर, राज्यका संस्था र संरचना भने जडतामा छन्। यो रास्वपा र बालेन्द्र शाहको मात्र समस्या होइन। हिजो माओवादी र मधेशवादी शक्ति यही अन्तर्विरोधले पीडित र सिकार भए। आज पनि कांग्रेस-एमाले यो देशका ठूला जडता र गतिरोध हुन्। यी कमजोर भए पनि समाप्त भएका छैनन्।

यस्तो बेला कुनै एउटा दल र सरकारले राष्ट्रलाई गति दिन निकै गाह्रो हुन्छ। रास्वपा पनि अब त्यही पासोमा आइपुगेको छ, जो विगत दशकमा माओवादी र मधेशवादीले भोगेका थिए । यो हैरानीले कांग्रेस-एमालेकै सत्ता साझेदार हुन राजी र बदनाम भएका थिए।

यस्तो बेला राष्ट्रिय सहमतिको प्रयास वाञ्छित विधि बन्न पुग्दछ। तर, यतातिर बालेन सरकारको ध्यान र प्रयास केन्द्रित नभएको अवस्थामा सीमा निर्धारण हुन पुग्छन् । त्यो बाध्यता र सीमा नागरिकको आँखामा छ्याङ हुने गरी नीति तथा कार्यक्रम र बजेटले परिर्वतनको 'स्प्रिट' व्यक्त गर्न सक्नु पर्थ्यो, यस कार्यमा बालेन सरकार चुकेको छ। अथवा यो पनि हुन सक्छ, जनताले जुन स्तरमा परिर्वतनको चाहना राखे त्यसका लागि बालेन सरकारसँग तत्परता नै छैन।

**बजेट: संरचनामै जडता**

अर्थमन्त्री वाग्लले प्रस्तुत गरेको बजेटले 'राज्य अर्थतन्त्र' को दशकौं लामो संरचनामा कुनै 'डिपार्चर' गर्दैन। वाग्लेको बजेट संरचना २०४० को दशकमा डा. प्रकाशचन्द्र लोहनीले संस्थागत गरेको र २०४६ सालपछि महेश आचार्य र डा. रामशरण महतले समायोजन गरेको प्रणाली नै हो। डा. स्वर्णिम वाग्ले यही परम्पराका चिन्तक भएको हुँदा उनले त्यसैलाई पछ्याउनु कुनै आश्चर्यको कुरा भएन।

बीचमा केही वामपन्थी पृष्ठभूमिका अर्थमन्त्री पनि आए । भरतमोहन अधिकारी, डा. बाबुराम भट्टराई, सुरेन्द्र पाण्डे, वर्षामान पुन, जनार्दन शर्मा आदि । तर, अर्थतन्त्रमा नीतिगत, बजेटमा संरचनागत हस्तक्षेपमा वामपन्थी सरकार र अर्थमन्त्रीको कुनै भूमिका रहेन। कम्युनिस्ट सरकारले पनि यो वा त्यो रूपमा नवउदारवादी अर्थतन्त्रलाई नै अघि बढाउने गरेका थिए।

भरतमोहन अधिकारीले ज्येष्ठ नागरिक भत्तामार्फत सुरु गरेको सामाजिक सुरक्षा र डा. बाबुराम भट्टराईले ठूला विकास पूर्वाधारलाई राष्ट्रिय गौरवका आयोजनाको प्याकेजमा राखी बजेट अभाव हुन नदिने घोषणा बाहेक वामपन्थी अर्थमन्त्रीहरूको कुनै संरचनात्मक योगदान देखिन्न।

उनीहरूले पनि लोहनी-आचार्य -महत प्रारूप नै मान्दै आए। एउटै स्कुलिङ र विचारका मानिस भएको हुँदा वाग्लले त्यही नीति पछ्याउनु अस्वाभाविक होइन।

वाग्लेले प्रस्तुत गरेको बजेटमा चालु, पुँजीगत र वित्तीय खर्चको जुन संरचनात्मक अनुपात तथा स्रोत परिचालन अनुपात छ, त्यो बिल्कुलै निरन्तरता हो।

२१ खर्ब २४ अर्ब ३४ करोडको बजेटमा ६ खर्ब, ५७ अर्ब २९ करोड अर्थात् कुल बजेटको करिब ३१ प्रतिशत घाटा बजेट छ। यसमा करिब ४ अर्ब बराबरको बजेट कार्यक्रम कार्यान्वयन नहुन सक्छ।

विगतमा पनि यस्तै हुँदै आएको हो। यसअघि पनि उत्साह देखाउने नाममा अवास्तविक बजेट बनाउने र आर्थिक वर्षको मध्यतिर पुग्दा परिमार्जन गरिँदै आइएको हो। कागजमा बजेट लेख्दैमा अर्थतन्त्रका वास्तविकता रातारात बदलिँदैनन्।

यस अर्थमा वास्तविक बजेट १७ खर्ब जतिको मात्र हो भन्दा फरक नपर्ला। यदि पूर्ण बजेट कार्यान्वयन गर्ने हो भने सार्वजनिक ऋणभार अस्वाभाविक रूपमा बढ्नेछ। त्यसले साँवा व्याज भुक्तानी ह्वात्तै बढाउनेछ। पुँजीगत खर्चको प्राथमिकता कोल्याप्स हुनेछ। वित्तीय खर्च अनुपातमाथि आउनेछ।

राज्यको आकार कटौती बिना बजेट संरचना परिवर्तन हुँदैन। र, यो संविधान संशोधन र राष्ट्रिय सहमति बिना संभव हुँदैन।

**आकार कटौतीको कमजोर प्रयास**

बालेन सरकारले २२ मन्त्रालयलाई १८ मा घटाउने, ३१ निकाय खारेज गर्ने, ६ निकाय मर्जर, ६ हस्तान्तरण र १८ पुनर्संरचनामार्फत २० अर्ब बराबरको खर्च कटौती हुने हिसाब अघि सारेको छ , जो नगन्य हो।

राज्यको आकारबारे व्यापक पुनरावलोकन जरुरी छ। यति ठूला सेना र रक्षा खर्च वृद्धिको सान्दर्भिकता के हो ? सशस्त्र र जनपद दुई प्रहरी संगठन आवश्यक हो कि होइन ? संघीयतापछि ७७ जिल्ला संचरना किन जरुरी छ ? कर्मचारीतन्त्रलाई कसरी छरितो बनाउने ? प्रदेश र स्थानीीय संरचनाको पुनरावलोकन कसरी गर्ने ? यस्ता प्रश्नमा बजेट प्रवेश नै गरेको छैन।

जबसम्म चालु खर्चलाई ४० प्रतिशत हाराहारीमा झर्न सकिन्न, राज्यको आकार कटौती प्रयास सार्थक मान्न सकिन्न। बुझ्न के जरुरी छ भने माओवादी जनयुद्ध अघि राज्य यति ठूलो दबाबमा थिएन। माओवादी जनयुद्ध दमन गर्ने नाममा ठूलो संख्यामा सेना विस्तार, शसस्त्र प्रहरी संगठन थप र कर्मचारीतन्त्र विस्तार गर्दा राज्य आज यो बाध्यतामा पुगेको हो। नयाँ संविधान बनाउँदा संघीयताको सही प्रारूप स्वीकार्य हुन नसक्दासमेत राज्यको खर्च वृद्धि भयो।

संघीयतापछि केन्द्रीय संरचना जस्ताको त्यस्तै छन्। प्रदेश थपिएको छ। पालिका तहमा कार्यकर्तालाई जागिर खुवाउने नाममा जताततै 'ओभर स्टाफिङ' छ।

अर्थमन्त्री वाग्लेले केही वर्षअघि यस्ता प्रश्न उठाएका थिए। तर, सेनाको विषयमा विवाद भएपछि उनी डराएका थिए। अहिलेको सरकार त कुनै न कुनै रूपमा सेनासँग जोडेर चर्चा गरिँदै छ। गृह मन्त्रालयको बजेट कटौती गरी रक्षामा थपिएको कुराले आशंकालाई थप बल दिन्छ।

**बजेट संरचनाको प्रश्न**

खासमा बजेटलाई चालु, वित्तीय र पुँजीगतको साटो चार भागमा वर्गीकरण गर्न जरुरी छ। चालु खर्च, वित्तीय खर्च, मानवीय विकास खर्च र भौतिक पूर्वाधार विकास खर्चमा विभक्त गर्दा शिक्षा, स्वास्थ्य, तालिम, सशक्तीकरण, सामाजिक सुरक्षाजस्ता मानवीय पुँजी विकास खर्चलाई भिन्नै देखाउन सकिने स्थिति बन्छ । राज्यको आकार कटौतीले सार्वजनिक ऋण भार दबाब घटाउनेछ। सधैँको घाटा बजेटको साटो सन्तुलित बजेट वा बचत बजेटको अवधारणा अघि बढाउन सकिन्छ।

घाटा बजेटको प्रलचन विश्वव्यापी रूपमै आलोचित हुँदै गएको छ। यो एक प्रकारले जनतालाई 'चिटिङ' गर्नु हो। स्रोत बिनाका कार्यक्रम सुनाएर जनतालाई ढाँट्नु हो । बजेटमा कार्यक्रम सुनाएर सस्तो लोकप्रियता हासिल गर्ने र अन्तमा निरास बनाउने बाहेक घाटा बजेट अवधारणाले काम गर्न सकेको छैन । यो प्रचलनबाट देशलाई बाहिर निकाल्नुको साटो बालेन सरकारले त्यसैलाई निरन्तरता दिएको छ।

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** आज चन्द्रमा अष्टम भावमा रहने भएकाले स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ।

**बृष :** दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै सुमधुर रहनेछ।

**मिथुन :** आज तपाईंको कार्यक्षमता र आत्मविश्वास उच्च रहनेछ। मावली पक्षबाट सहयोग मिल्न सक्छ।

**कर्कट :** बौद्धिक, साहित्यिक र रचनात्मक क्षेत्रमा लाग्नेहरूका लागि आजको दिन विशेष फलदायी रहनेछ।

**सिंह :** पारिवारिक वा घरायसी मामिलाले गर्दा मन केही गहुँगो वा चिन्तित हुन सक्छ।

**कन्या :** आज तपाईंको पराक्रम, हिम्मत र उत्साहमा वृद्धि हुनेछ। छोटो दुरीको फलदायी यात्राको योग बनेको छ।

**तुला :** आर्थिक दृष्टिकोणले आजको दिन उत्तम रहनेछ। परिवारमा खुसीको वातावरण रहनेछ र पाहुनाको आगमन हुन सक्छ।

**वृश्चिक :** चन्द्रमा आफ्नै राशिमा गोचर गर्ने भएकाले शारीरिक रूपमा स्फूर्ति र मानसिक रूपमा प्रसन्नता कायम रहनेछ।

**धनु :** आज खर्चको मात्रा केही बढ्न सक्छ, त्यसैले विलासिताका वस्तुहरूमा खर्च गर्दा ध्यान दिनुहोला।

**मकर :** आम्दानीका विभिन्न स्रोतहरू फेला पर्नेछन् र आर्थिक स्थिति सुदृढ हुनेछ।

**कुम्भ :** कार्यक्षेत्र र राज्यपक्षबाट पूर्ण सहयोग तथा लाभ मिल्ने दिन छ।

**मीन :** भाग्यले पूर्ण साथ दिनेछ। धार्मिक, आध्यात्मिक वा मांगलिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# जनकपुरधाममा ट्राफिक व्यवस्थापन फितलो, राजधानी छविमाथि प्रश्न

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ १६ गते



मधेश प्रदेशको राजधानी जनकपुरधाममा सवारी साधनको चाप बर्सेनि बढिरहेको छ। सरकारी कार्यालय, व्यापारिक गतिविधि, शिक्षा, स्वास्थ्य सेवा र धार्मिक पर्यटनका कारण दैनिक हजारौं सवारी साधन सडकमा गुडिरहेका छन्।

प्रदेश राजधानीको हैसियतअनुसार ट्राफिक व्यवस्थापन प्रभावकारी हुन नसक्दा जनकपुरधामको सहरी व्यवस्थापनमाथि प्रश्न उठ्न थालेको छ। सहरमा बढ्दो सवारी चापसँगै ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। आवश्यक पूर्वाधार, व्यवस्थापन प्रणाली र निगरानी कमजोर हुँदा यातायात अव्यवस्थित भएको गुनासो बढेको छ।

प्रदेश राजधानीका रूपमा विकास भइरहेको जनकपुरधाममा ट्राफिक व्यवस्थापन सुधार गर्न सम्बन्धित निकाय मौन देखिन्छ। सहरी व्यवस्थापन प्रभावकारी नहुँदा नागरिकले दैनिक आवागमनमा कठिनाइ भोग्नुपरेको छ। स्थानीय तह र सरोकारवाला निकायबीच समन्वय अभावका कारण समस्या थप जटिल बन्दै गएको देखिएको छ।

करिब ३ वर्षअघि ट्राफिक लाइट जडान भएपछि नगरवासीले सहर आधुनिकतातर्फ उन्मुख भएको महसुस गरेका थिए। तर, केही समय सञ्चालनमा आएर बन्द भएका ती लाइट अहिले शो-पिस जस्तै बनेका छन्।

मुख्य चोकहरूमा ट्राफिक लाइट प्रभावकारी रूपमा सञ्चालन नहुँदा सवारी आवागमन थप अस्तव्यस्त बनेको छ। ट्राफिक व्यवस्थापनका लागि जडान गरिएका लाइट प्रणाली अपेक्षित रूपमा काम नगर्दा सडकमा सवारी साधनको चाप व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ। यसका कारण चोक-चोकमा जाम र अव्यवस्था बढेको देखिएको छ।

लाखौं रुपैयाँ खर्चेर जडान गरिएका ट्राफिक लाइट दुई वर्षभन्दा बढी समयदेखि बन्द छन्। प्रविधिमैत्री राजधानी बनाउने उद्देश्यले स्थापना गरिएका यी संरचना अहिले उपयोगविहीन बनेका छन्।

आर्थिक वर्ष २०७९-८० मा प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयको ९८ लाखको बजेटबाट मधेश प्रदेश प्रहरी कार्यालयले मुरली

बाँकी पृष्ठ ४

# बजेटमा मधेश: 'उत्पादन, उद्योग र पूर्वाधारको केन्द्र'

अपन दैनिक संवाददाता
सिरहा, जेठ १६ गते




सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मधेश प्रदेशलाई 'उत्पादन, उद्योग र पूर्वाधारको केन्द्र' बनाउने दीर्घकालीन रणनीति अघि सारेको छ।

संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा क्षेत्रीय सन्तुलित विकास, कृषि पुनरुत्थान, औद्योगिकीकरण र लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखिएको छ।

सरकारले तराई-मधेश क्षेत्रमा खानेपानी अभाव समाधान गर्न २८० वटा खानेपानी आयोजना निर्माणका लागि दुई अर्ब ५० करोड विनियोजन गरेको छ।

तराई-मधेशमा सुक्खायाममा देखिने खानेपानी सङ्कट समाधानका लागि समुदायस्तरमा डिप बोरिङसहितको खानेपानी प्रणाली विकास गरिने उल्लेख छ। साथै आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गरिने पनि घोषणा गरिएको छ।

वीरगञ्ज सहरमा खानेपानी र ढल निर्माण तथा प्रशोधनका लागि रु दुई अर्ब ३४ करोड छुट्याइएको छ। उक्त कार्यक्रमबाट मधेश प्रदेशका आठवटै जिल्ला धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीका ग्रामीण बस्ती प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ।

सुनकोशी-मरिन डाइभर्सन आयोजनाबाट सिञ्चित हुने एक लाख २२ हजार हेक्टर क्षेत्रलाई आधार बनाएर कृषि र उद्योग केन्द्रित मध्य-मधेश चतुर्भुज विकास कार्यक्रम अघि बढाउने घोषणा गरेको छ।

हुलाकी राजमार्ग तथा पूर्वपश्चिम राजमार्ग विस्तारका बाँकी काम सम्पन्न गरी मधेस क्षेत्रलाई उत्पादन, प्रशोधन र औद्योगिक गतिविधिको प्रमुख केन्द्रका रूपमा विकास गर्ने सरकारको लक्ष्य छ।

सरकारले आर्थिक सम्भावना भएका ग्रामीण तथा सहरोन्मुख क्षेत्रलाई 'ग्रोथ पोल' र 'क्वाड'का रूपमा विकास गर्ने नीति पनि बजेटमा समावेश छ।

धनुषा र सर्लाही जिल्लामा स्मार्ट प्रविधिमा आधारित भूमिगत सिँचाइ प्रणाली विस्तार गर्न सरकारले आवश्यक बजेट व्यवस्था गरेको छ। यस कार्यक्रमका लागि रु एक अर्ब ८३ करोड विनियोजन गरिएको उल्लेख गरिएको छ। यसबाट वर्षभर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्ने तथा कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुने सरकारको अपेक्षा छ।

कृषि उत्पादनलाई उद्योगसँग जोड्ने रणनीतिअनुसार सिरहामा आँप प्रशोधन केन्द्र तथा सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र स्थापना गर्ने घोषणा गरेको छ। यी केन्द्रमार्फत स्थानीय किसानको उत्पादनको बजार सुनिश्चित गर्नुका साथै कृषिउपजको मूल्य अभिवृद्धि गरिने अपेक्षा गरिएको छ।

हुलाकी राजमार्ग आगामी तीन वर्षभित्र सम्पन्न गर्ने घोषणा गरेको छ। घनावस्ती भएका क्षेत्रमा सडक चौडा बनाइने तथा आठ वटा सडक पुल निर्माण सम्पन्न गरिनेछ। हुलाकी राजमार्ग निर्माणका लागि चार अर्ब ६५ करोड विनियोजन गरिएको छ। हुलाकी राजमार्गले सप्तरीदेखि पर्सासम्मका तराई जिल्लाको आर्थिक तथा व्यापारिक गतिविधिमा प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छ।

पूर्वपश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने कार्य आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ। यस परियोजनाका लागि आगामी आवमा ३७ अर्ब ४६ करोड विनियोजन गरिएको छ। मधेश-प्रदेशका जिल्लामा पर्ने राजमार्ग खण्ड विस्तार भएपछि यातायात, व्यापार तथा औद्योगिक गतिविधिमा तीव्रता आउने अपेक्षा गरिएको छ।

काठमाडौं-तराई मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) आयोजनाका लागि सरकारले आगामी आवमा १७ अर्ब ६४ करोड विनियोजन गरेको छ। आगामी वर्ष ४० वटा पुल र ५.४ किलोमिटर सुरुङ निर्माण सम्पन्न गरिनेछ।

वि.सं २०७४ देखि नेपाली सेनाको व्यवस्थापनमा निर्माण सुरु भएको द्रुतमार्गको हालसम्म ४८ प्रतिशत भौतिक प्रगति भएको छ।

सरकारले बाराको निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माणलाई पुनः प्राथमिकतामा राखेको छ। विमानस्थल निर्माणको 'मोडालिटी' आगामी छ महिनाभित्र टुङ्ग्याइने छ।

निजगढ विमानस्थल सञ्चालनमा आएपछि मधेश-प्रदेश अन्तरराष्ट्रिय

बाँकी पृष्ठ ४

## रूपान्तरणका लागि जनादेश: निरन्तरताको ............

### केही राम्रा कुरा

बालेन सरकारको पहिलो बजेटमा केही राम्रा कुरा छन्। यसले स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्न खोजेको छ। कानुनी झमेला हटाउन खोजेको छ। दलित बालबालिका केन्द्रित लगानी बढाउन खोजेको छ। कृषि, ऊर्जा र पर्यटनलाई प्राथमिक महत्त्वका क्षेत्र स्वीकार गरेको छ।

विदेशमा बस्ने नेपाली लागि मतदान व्यवस्था मिलाउने र दलहरूलाई स्टेट फन्डिङबारे बहस प्रारम्भ गर्ने क्रम गरेको छ। चितवनका चेपाङ बस्तीबाट सीमान्तकृत बालबालिका लागि आवासीय स्कुल सुरु गर्ने भनेको छ। ३६० वस्तुमा अन्तःशुल्क खारेजीको घोषणा गरेको छ।

बजेटले सडक सञ्जाल विस्तार र स्तरोन्नतिमा विशेष जोड दिएको छ। मध्य-मधेश, कर्णाली र गण्डकी चतुर्भज, भिजिट नेपाल २०८५, मुस्ताङका बौद्ध गुम्बा संरक्षणजस्ता कार्यक्रम ल्याएको छ। कार्यान्वयन हुन सके यी राम्रै कुरा हुन्।

मध्यम वर्गको आकार वृद्धि गर्ने लक्ष्यसहित वार्षिक १० लाखसम्मको आयमा आयकर छुट गरेको छ। शेयरबजारमा पुँजीगत लाभकरलाई अन्तिम कर बनाउँदै अनिश्चितता भयको अन्त्य गरेको छ। एआई र अत्याधुनिक प्रविधि 'एडप्ट' गर्ने प्रक्रियालाई प्राथमिकतामा राखेको छ। डिजिटल गभर्नेन्सलाई जोड दिएको छ।

यी र यस्ता कार्यक्रम लागू गर्न सके मात्रात्मक सकारात्मक प्रभाव पर्नेछ। तर, अर्थतन्त्रको गुणात्मक विकास भने हुने छैन।

### विरोधाभासको चाङ

बजेटले एकातिर मध्यम वर्गको आकार वृद्धि गर्ने प्रस्ट लक्ष्य राखेको छ। अर्कोतिर मध्यम वर्गलाई हानी पुऱ्याउने नीति पनि अघि सारेको छ। ५० युनिट बढीको विद्युत् खपत तथा राइड शेयरिङमा भ्याट, निजी स्कुलमा पढ्ने विद्यार्थी र निजी अस्पतालमा उपचार गर्ने बिमारीमाथि ३ प्रतिशत कर त्यस्तै विरोधाभाष हुन्।

बजेटले एकातिर ९० प्रतिशत नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रमभित्र ल्याउने कुरा गर्दछ। अर्कोतिर सरकारले बीमा रकम तिर्न नसकेर निजी अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम स्थगन भएको छ। यसबारे बजेट मौन छ। सरकारी अस्पतालले मात्र ९० प्रतिशतन बीमित बिमारीलाई सेवा दिन सक्लान् भन्ने विश्वास गर्न सकिन्न।

कृषिलाई दिएको प्राथमिता पनि मूर्त र व्यवहारसँगत लाग्दैन। नेपाल सानो भूस्वामित्वमा छरिएको कृषि प्रणाली भएको देश हो। यहाँ लाखौं साना किसान छन्। भूमिमा हदबन्दी, कठिन पहाडी तथा हिमाली भूगोल, श्रम शक्ति अभाव आदिको कारण साना कृषि कार्य संकटमा छन्। तर, बजेटको जोड कर्पोरेट कृषि कार्यमा देखिन्छ। सरकारको कृषि अनुदान नीतिबाट साना किसानलाई फाइदा हुने छैन। कृषि विकासको गफ विगतमा जस्तै गफमै सीमित हुनेछ।

किनकि बजेटको परिकल्पना कृषि क्षेत्रको व्यवहारिक समस्यासम्म पुगेकै छैन। संसद्मा भर्खरै त्यति ठूलो हल्लीखल्ली भएको बाँदर, बँदेल, स्यालगायतका कृषि बालीमा नोक्सानी पुऱ्याउने प्राणी नियन्त्रणबारे बजेटले सम्बोधन गरेको छैन।

### गरिबप्रति अनुदार

मध्यम वर्गको आकार विस्तार भनेको भइरहेको मध्यम वर्गको हित सुरक्षा होइन, निम्न वर्गलाई निरपेक्ष गरिबीबाट निकाली मध्यम वर्ग बन्ने अवसर दिनु हो। तर, सरकार गरिबप्रति अनुदार, असहिष्णु र पूर्वाग्राही देखिएको छ।

भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीबारे बजेटमा कुनै ठोस कार्यक्रम छैन। भूमि बैंक बारम्बार चर्चा भएर असफल भइसकेको धारणा हो। राष्ट्रिय आवास कम्पनीले घर बनाएर बेच्ने जस्ता कार्यक्रम हाँस्यास्पद हुन्। सरकार पब्लिक हाउजिङको युगमा प्रवेश गर्न चाहेको छैन। घरजग्गा कारोबारमा ठूलो बाधक बनेको पुँजीगत लाभ कर खारेज गर्नतिर बजेटको रुचि देखिन्न। आन्तरिक रोजगार वृद्धि र श्रमिक वर्गको हितमा बजेटको कुनै ध्यान दिएको छैन।

मध्य तथा पश्चिम एसियाको तनाव र द्वन्द्वपछि भएको मूल्य वृद्धि र कर्मचारीको तलब वृद्धिपछि पर्ने बजार प्रभावपछि विपन्न उपभोक्ताको दैनिक जीवनमा पर्ने असरबारे बजेट मौन छ।

सरकार आफैंले अझै २०.७ प्रतिशत नागरिक निरपेक्ष गरिबीको रेखा मुनि रहेको आर्थिक सर्वेक्षणमा स्वीकार गरेको छ। कर्मचारीको न्यूनतम तलब ४० हजार मासिक पुग्दा विपन्न र श्रमिक वर्गको औसत आय के हुन्छ? कुनै उत्तर भेटिन्न।

साथीहरू ३५ वर्ष, ३५ वर्ष भन्न खुबै रुचि राख्छे। ३५ वर्षको प्रवृत्तिबाट मोड, मुक्ति, डिपार्चर र क्रमभंगताको राजनीति गर्नैहैं भन्थे। बजेट संरचना, जडता र परिकल्पना हेर्दा ३५ वर्ष ३६ वर्ष मात्र भए कुनै आश्चर्य हुने छैन।

## मिर्चैयाको कटारी ........

छ ? तोकिएको स्टेन्ड हुँदाहुँदै मुख्य चोकलाई नै अस्थायी स्टेन्ड बनाउन कसले छुट दिएको हो ?"

ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमित अनुगमन, कडाइका साथ नियम कार्यान्वयन तथा उल्लंघनकर्तामाथि तत्काल कारबाही गर्न स्थानीयले माग गरेका छन्। अन्यथा मिर्चैयाको मुख्य व्यापारिक केन्द्र मानिने कटारी चोकमा दुर्घटना र जामको समस्या अझ गम्भीर बन्न सक्ने चेतावनी उनीहरूले दिएका छन्।

औषधि प्रयोग गर्दा ध्यान दिऔं
- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

## संघीय बजेट २०८३/०८४ कमला पुल प्राथमिकताम ..............

भन्दै शनिवार सिरहामा भएको संघर्ष समितिको बैठकले प्रदेश सभा घेराउ गर्ने भएको छ। प्रदेशले नै आमरण अनसनकारीसंग सम्झौता गरि पुल बनाउने उद्घोष गरेकोले प्रदेश सरकारलाई नै जिम्मेवार बनाउने ईन्जिनियर प्रवीण यादवले बताए। सिरहा पुस्तकालयको सभाहलमा भएको सरोकारवालासंगको बैठकले संघर्ष समितिको अगुवाईमा प्रदेश सभा जेठ १८ गते घेर्ने कार्यक्रम तय गरिएको छ। प्रदेश सांसद, पालिकाका निर्वाचित जनप्रतिनिधि, नागरिक अगुवा, विभिन्न राजनितिक दलका नेताहरु, पत्रकारहरुको भेलाले हुलाकी राजमार्ग केन्द्रित पालिका प्रमुख, निर्वाचित जनप्रतिनिधि, राजनितिक दलका अगुवा, सिरहा, धनुषा र सप्तरीका स्थानीयको सहभागितामा प्रदेश सभा घेर्ने कार्यक्रम तय गरिएको ईन्जिनियर यादवले बताए।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

औषधि प्रयोग गर्दा ध्यान दिऔं
- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

# एमालेको सदस्यता नवीकरण जेठ २० र २१ गते



अपन दैनिक संवाददाता
काठमाडौं, जेठ १६ गते

नेकपा (एमाले) ले सदस्यता नवीकरण तथा अभिप्रेरणाका लागि यही जेठ २० र २१ गते काठमाडौंमा राष्ट्रिय कार्यशाला तय गरेको छ।

एमालेका केन्द्रीय कार्यालय, च्यासलसमा आज पार्टीका महासचिव शङ्कर पोखरेलको आतिथ्यतामा सम्पन्न केन्द्रीय सङ्गठन विभागको बैठकले उक्त निर्णय गरेको हो।

कार्यशालामा पार्टीका प्रदेश तथा जिल्ला इन्चार्ज, प्रदेश पदाधिकारी, प्रदेश कार्यालय सचिव, प्रदेश सङ्गठन विभाग प्रमुख, जिल्ला अध्यक्ष, जिल्ला सङ्गठन विभाग प्रमुख, जनसङ्गठनका केन्द्रीय इन्चार्ज तथा अध्यक्ष, साथै जनसङ्गठनका सङ्गठन हेर्ने सचिव तथा सङ्गठन प्रमुखहरूको सहभागिता रहने एमाले केन्द्रीय सङ्गठन विभागको शनिबारको बैठकल तय गरेको एमाले सचिव तथा सङ्गठन विभाग प्रमुख भानुभक्त ढकालले जानकारी दिए।

सचिव ढकालका अनुसार एमालेले पार्टी सदस्यता प्रणालीलाई पूर्ण रूपमा डिजिटल माध्यममा रूपान्तरण गर्ने तयारी गरेको छ।

सदस्यता नवीकरण, अभिलेखीकरण तथा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने उद्देश्यसहित कार्यशाला आयोजना गर्न लागिएको उनले बताए।

## बजेटमा मधेश: 'उत्पादन, उद्योग र पूर्वाधारको .............

व्यापार, पर्यटन र लगानीको प्रमुख केन्द्र बन्ने अपेक्षा गरिएको छ। सरकारले महोत्तरीको बर्दिवासदेखि बाराको निजगढसम्म रेलमार्ग विस्तार गर्ने घोषणा गरेको छ।

रेलमार्गले महोत्तरी, सर्लाही र बारा क्षेत्रलाई राष्ट्रिय रेल सञ्जालसँग जोड्ने तथा औद्योगिक करिडोर विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ। साथै, जनकपुर-जयनगर-बर्दिवास रेलमार्गको बाँकी काम सम्पन्न गर्न बजेटको व्यवस्था गरिएको छ।

सरकारले जनकपुरधामलाई युनेस्को विश्वसम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया अघि बढाउने घोषणा गरेको छ।

जनकपुरधामलाई धार्मिक-सांस्कृतिक पर्यटनको अन्तरराष्ट्रिय केन्द्रका रूपमा विकास गर्ने सरकारको लक्ष्य छ।

साथै जनकपुरलाई 'विवाह गन्तव्य'का रुपमा विकास र ब्रान्डिङ गर्न तथा रामजानकी पथ र परिक्रमा सडक स्तरोन्नतिका लागि विशेष बजेट विनियोजन गरिएको छ। यसका लागि यहाँका रीतिरिवाज, संस्कार र परम्परागत ज्ञानको संरक्षण, 'डिजिटलाइजेसन' तथा बजारीकरण गर्ने योजना रहेको छ।

सखडा-धनुषाधाम-गढीमाई समेट्ने गरी प्रादेशिक पर्यटकीय करिडोरको प्रवर्द्धन गरिने बजेटमा उल्लेख छ। भन्सार तथा प्रशासनिक सहजीकरणका लागि वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न विवाह प्रयोजनका लागि विदेशबाट ल्याइने सामानको घोषणा, धरौटी लिने र विवाह सकेर फर्किंदा धरौटी फिर्ता दिने व्यवस्थालाई स्वचालित र सरल बनाइने बजेटमा उल्लेख छ।

सरकारले मधेशसहित मानव विकास सूचकांक कमजोर रहेका २५ जिल्लामा बालपोषण भत्ता कार्यक्रमलाई निरन्तरता दिएको छ। दलीत बालबालिकाको पोषण भत्ता दोब्बर गरी मासिक एक हजार रुपैयाँ पुर्‍याइएको छ।

त्यस्तै स्वास्थ्य बीमाको दायरा विस्तार, श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने अभियान तथा स्वच्छ खानेपानी पहुँच विस्तार गर्ने कार्यक्रमलाई पनि बजेटले प्राथमिकता दिएको छ।

स्वास्थ्य र सामाजिक सुरक्षा मधेश-प्रदेशको स्वास्थ्य सेवा सुधार गर्न पर्साको नारायणी अस्पताल, सप्तरीको गजेन्द्रनारायणसिंह अस्पताल र रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ। मधेश-प्रदेशमा मिर्गौला रोग उपचार केन्द्र र ट्रमा सेन्टर निर्माण सुरु गरिनेछ।

## जनकपुरधाममा ट्राफिक व्यवस्थापन फितलो .............

चोक, भैरव चोक, जनक चोक, शिव चोक, भानु चोक, रेल्वे स्टेसन क्षेत्र तथा प्रदेश प्रहरी कार्यालय अगाडि ट्राफिक लाइट जडान गरिएको थियो। केही समय सञ्चालनमा आए पनि अहिले अधिकांश लाइट बिग्रिएका छन्।

ट्राफिक लाइट बन्द भएपछि राजधानीका मुख्य चोकहरूमा ट्राफिक प्रहरीको भरमा सवारी व्यवस्थापन हुँदै आएको छ। व्यस्त समयमा सवारी जाम, अव्यवस्थित पार्किङ, नियम उल्लंघन र दुर्घटनाको जोखिम बढ्दै गएको स्थानीयको गुनासो छ।

जनकपुरधामलाई प्रदेशको प्रशासनिक केन्द्र बनाइए पनि राजधानीका लागि आवश्यक आधारभूत सहरी पूर्वाधार निर्माणमा अपेक्षित ध्यान नपुगेको देखिन्छ। सडक विस्तार, पार्किङ व्यवस्थापन, पैदलयात्रीमैत्री पूर्वाधार र आधुनिक ट्राफिक प्रणाली विकासमा पर्याप्त लगानी हुन नसकेको सरोकारवालाहरू बताउँछन्।

मर्मत र रेखदेख नहुँदा अहिले अधिकांश लाइट बिग्रिएर कबाडीमा परिणत हुने अवस्थामा पुगेका छन्। तत्कालीन ट्राफिक प्रहरी प्रमुख शेखर साहले लाइट जडान भए पनि आवश्यक जेब्रा क्रसिङ र स्टपिङ रेखा नबनेकाले सबै ठाउँमा सञ्चालन गर्न नसकिएको स्पष्टीकरण दिएका थिए।

उनका अनुसार ती पूर्वाधार निर्माणका लागि थप २० लाख रुपैयाँ आवश्यक पर्ने र जनशक्तिसमेत अभाव भएकाले ६ मध्ये २ ठाउँमा मात्र लाइट प्रयोग गरिएको थियो। तर, प्रश्न के उठेको छ भने, सञ्चालन गर्न नसकिने अवस्था रहेको भए करिब एक करोड रुपैयाँ खर्चेर ट्राफिक लाइट किन जडान गरियो ? र जडान गरिएपछि तिनको संरक्षण तथा सञ्चालनको जिम्मेवारी कसले लिनुपर्ने थियो ?

यता गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले विषयबारे जानकारी लिएर आवश्यक पहल गर्ने बताएका छन्। 'यो मेरो कार्यकालभन्दा अघिको विषय हो, मन्त्रालयका कर्मचारी पनि नयाँ छन्,' उनले भने, 'यदि मेरै मन्त्रालयबाट बजेट खर्च भएको हो भने म तत्काल यसबारे बुझ्छु र बिग्रिएका लाइट मर्मत गरेर पुनः सञ्चालनमा ल्याउन पहल गर्छु।'

मन्त्री महतोले खरिद प्रक्रिया वा जडानमा अनियमितता भएको पाइए जोसुकैलाई पनि कानुनी दायरामा ल्याउने चेतावनीसमेत दिएका छन्। धनुषाका ट्राफिक प्रहरी प्रमुख सूर्यबहादुर शाहीले भने ट्राफिक लाइट नहुँदा तीव्र गति र नियम उल्लंघनको प्रवृत्ति बढेको स्वीकार गरे। उनले भने, 'अझै पनि मर्मत गरेर यी लाइट प्रयोग गर्न सकिन्छ। ढिला गरे थप बिग्रिने खतरा छ।'

लाखौंको सरकारी लगानी बालुवामा पानी हाले सरह भएको भन्दै जनकपुरधामवासीले यसको तत्काल समाधान र दोषीमाथि कारबाहीको माग गरेका छन्। बिग्रिएको लाइटहरूलाई मर्मत सम्भार गरेर सञ्चालन गर्नुभन्दा बढी आगामी आर्थिक वर्षमा जनकपुरधाम ढल्केबर सडकखण्डमा नयाँ ट्राफिक लाइट जडान गर्ने सरकारको योजना बनाइएको छ।

पुराना संरचना अलपत्र छाडेर नयाँ योजना ल्याइनुले सरकारी खर्चको प्रभावकारितामाथि प्रश्न उठाएको छ। राजधानी सहरको परिचय केवल सरकारी कार्यालयको उपस्थितिले मात्र हुँदैन।

आधुनिक र व्यवस्थित यातायात प्रणाली, सुरक्षित सडक र प्रभावकारी ट्राफिक व्यवस्थापन पनि राजधानीको पहिचानका आधार हुन्। तर, जनकपुरधाममा बन्द ट्राफिक लाइटहरूले राजधानीको वास्तविक अवस्थाको उजागर गरिरहेका छन्।

# मधेशका किसानको नयाँ मार्गचित्र, पर्यावरणीय चुनौती चिर्न 'जलवायु च्याम्पियन' अभियान

अपन दैनिक संवाददाता
सिरहा, जेठ १६ गते



जेठ ७ गते कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गतको कृषि विकास महाशाखाले एउटा सार्वजनिक सूचना जारी गर्‍यो। पश्चिम एसियामा जारी द्वन्द्वका कारण रासायनिक मलको विश्वव्यापी आपूर्ति शृङ्खला खण्डित भएको र वर्षे धान बालीको सिजनमा रासायनिक मलको समस्या हुनसक्ने सरकारी प्रक्षेपण उक्त सूचनामा जनाइएको छ।

सरकारले रासायनिक मलको विकल्पमा गँड्यौला मल, गोठेमल र हरियो मल (ढैंचा)जस्ता वैकल्पिक उपायहरूको प्रयोग गर्न किसानहरूलाई आह्वान गरेको छ। तर प्रश्न उठ्छ, के केवल सरकारी सूचनाको भरमा वर्षौंदेखि रासायनिक मलमा आश्रित किसान रातारात आत्मनिर्भर बन्न सक्छन् ?

यो नीतिगत र व्यावहारिक खाडललाई चिर्न मधेश प्रदेशका किसानले एउटा नयाँ मार्गचित्र कोरेका छन्, जसको नाम हो- 'जलवायु च्याम्पियन' अभियान। अब किसानहरू केवल प्रविधिको प्रयोगकर्तामात्र रहेनन्, उनीहरू आफ्नो हक, दिगो कृषि र अनुकूल नीतिका लागि आफैं आवाज उठाउने नीतिगत अभियन्ताका रूपमा बदलिँदै गएका छन्।

मन्त्रालयले जारी गरेको सूचनामा गँड्यौला मल (भर्मिकम्पोष्ट)ले प्रतिहेक्टर पाँच टन प्रयोग गर्दा १६३ केजी युरियाबराबरको काम गर्ने विशिष्टता उल्लेख गरिरहँदा सिरहाको धनगढीमाई नगरपालिका-१० दनुवारी टोलकी अनिता महतो र सुगन्धादेवी सिंहले विगत छ महिनादेखि यसलाई व्यवहारमै उतारिसकेका छन्। राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको अगुवाइ एवं केयर नेपालको आर्थिक सहयोगमा सञ्चालित 'जलवायुमैत्री गाउँ परियोजना'मार्फत उनीहरू आबद्ध 'महारानी महिला कृषक समूह'ले अहिले व्यावसायिक रूपमा गँड्यौला मल उत्पादन गरिरहेको छ।

"विगतका वर्षहरूमा वर्षे बाली भित्र्याउने सिजन नजिकिँदै गर्दा रासायनिक मल नपाएर खेतमै बाली सुक्ने हो कि भन्ने ठूलो चिन्ता हुन्थ्यो। मलका लागि डिलर र बजारमा दिनभर लाइन बस्दा पनि रित्तो हात फर्कनुपर्ने बाध्यता थियो। तर, परियोजनामा जोडिएपछि हाम्रो सोच र बानी दुवै फेरिएको छ। अहिले मलको खोजीमा बजारतिर भौंतारिनु पर्दैन, हाम्रै खोर र आँगनको फोहरबाट बन्ने गँड्यौला मलले माटोको स्वास्थ्य (कार्बन) पनि सुधारेको छ र बजारको परनिर्भरता पनि तोडेको छ", अनिता महतोले भनिन्।

त्यस्तै, सिरहा र सप्तरीका विभिन्न पालिकाहरूमा मल्चिङ प्रविधि, थोपा सिँचाइ, छोपुवा विधि र सोलार प्रणालीको प्रयोग बढ्दो छ। तर, यो अभ्यास केही सीमित समूह र गाउँमा मात्र सीमित छ। यसलाई समुदायस्तरमा व्यापक रूपमा विस्तार गर्न अब प्राविधिक ज्ञानमात्र होइन, 'नेतृत्व र पैरवी' को आवश्यकता छ।

परम्परागत रूपमा कृषि प्रविधि हस्तान्तरण गर्ने जिम्मा सरकारी संयन्त्रको मात्र मानिन्थ्यो। तर, राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको छातामुनि सिरहाको धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा यो अभियान सञ्चालन गरिएको छ।

यी छवटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ कृषक पाठशालादेखि 'जलवायु च्याम्पियन क्षमता विकास अभिमुखीकरण तालिम' र अन्तर पालिका सिकाइ आदानप्रदान कृषक भ्रमणसम्मका कार्यक्रमले परम्परागत परिपाटीलाई तोडिदिएका छन्। छवटा पालिकाका अगुवा महिला किसानहरू अब आफ्नै समुदायका लागि 'प्राविधिक र सचेतक' बनेका छन्।

कृषिको दिगो विकास र प्रविधि विस्तारका लागि परम्परागत सरकारी प्रसार प्रणालीभन्दा किसान आफैं सक्रिय हुने मोडल बढी प्रभावकारी हुने विज्ञहरूको ठहर छ। मन्त्रालयले जारी गरेका प्राविधिक सूचनाहरू वा परियोजनाले भित्र्याएका आधुनिक प्रविधिहरू तबमात्र भुइँ तहसम्म संस्थागत हुन्छन्, जब किसान आफैं प्रशिक्षक बनेर गाउँगाउँ पुग्छन्।

यही नीतिगत र व्यावहारिक पाटोलाई केलाउँदै राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल, 'जलवायुमैत्री गाउँ परियोजना'का वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापा भन्छन्, "किसानलाई केवल प्रविधि हस्तान्तरण गरेर वा अनुदान बाँडेरमात्र कृषिमा दिगोपन आउँदैन। वास्तविक रूपान्तरण तब सम्भव हुन्छ, जब किसान आफैंले सिकेको ज्ञान र अनुभव अर्को किसानलाई सिकाउँछ।

जलवायुमैत्री कृषि अब केवल प्राविधिक विषय रहेन, यो नीतिगत र राजनीतिक पैरवीको सवाल बनेको छ। सिंहदरबारमा बन्ने नीतिले मधेसको खेतको माटो बुझ्दैन भन्ने भाष्य यहाँको जनमानसमा रहेको पाइन्छ। त्यसैले 'जलवायु च्याम्पियन'हरूले अब स्थानीय तहबाटै हस्तक्षेप सुरु गर्ने रणनीति बनाएका हुन्।

जलवायु च्याम्पियनहरूले तयार गरेका विस्तृत कार्ययोजनाअनुसार यी महिला नेतृत्वहरुले आआफ्नो वडा कार्यालय र स्थानीय सरकार (पालिका)मा गएर जलवायुमैत्री योजनाका लागि पैरवी गर्नेछन्। यस्ता कार्यक्रम सफल हुन स्थानीय सरकारले यसलाई आफ्नै नीति र वार्षिक बजेटमा समावेश गर्नुपर्छ। च्याम्पियनहरूले पालिकाको कृषि शाखासँग समन्वय गरी स्थानीय स्रोत परिचालनमा दबाब दिनेछन्।

कृषि प्राविधिक तथा लक्ष्मीपुर पतारीका फिल्ड सुपरिवेक्षक उमेशनन्दन चौधरी भन्छन्, "अबको मुख्य पाटो बजारको हो। रासायनिक मललाई प्रतिस्थापन गर्दै किसानले उत्पादन गरेको गँड्यौला मल वा जैविक विधिबाट उत्पादित 'अर्ग्यानिक' कृषि उपजलाई बजारमा छुट्टै पहिचान (ब्रान्डिङ) दिन आवश्यक छ।" किसानलाई वित्तीय साक्षरतासहित 'जलवायु बीमा'मा जोड्नुपर्छ र मोबाइल एप वा सामाजिक सञ्जालमार्फत समयमै मौसमी पूर्वसूचना दिने संयन्त्र पालिकास्तरमै बन्न सक्यो भनेमात्र महासङ्घले थालनी गरेका 'जलवायु च्याम्पियन'हरूको अभियानले पूर्णता पाउने चौधरीले बताए।

## निजी शिक्षामा ३ प्रतिशत करप्रति .............

अर्थमन्त्री स्वर्णिम वाग्ले शुक्रबार संसद्मा पेस गरेको आर्थिक विधेयकमा निजी शिक्षण संस्था, स्वास्थ्य संस्थासँग चौमासिक रुपमा उनीहरुले लिने लिने प्रत्येक शुल्कमा ३ प्रतिशत रकम असुल्ने उल्लेख छ। शिक्षा, स्वास्थ्य समता शीर्षकमा कर लिन लागिएको हो।

हिसानका महासचिव रामहरि सिलवालले मुलुकमा बलियो सरकार हुँदाहुँदै पनि शिक्षा क्षेत्रमा अन्योल र अस्थिरता कायमै रहनु विडम्बना भएको गुनासो गरे। 'शिक्षाको बजेट नबढेको अवस्थामा निजी क्षेत्रमाथि ३ प्रतिशत कर थोपरिनुले निजी शैक्षिक संस्थाको घाँटी निमोठ्ने काम भएको छ,' उनले भने।

अपेनका अध्यक्ष बद्रीप्रसाद दाहालले वर्तमान सरकार निजी शैक्षिक क्षेत्रप्रति अनुदार देखिएको दाबी गरे। राज्यको यस्तो व्यवहारले निजी लगानी चेपुवामा पर्ने र समग्र शैक्षिक क्षेत्र नै थप जोखिममा पर्ने उनले औंल्याए।

कार्यक्रममा प्याब्सनका महासचिव आरबी कटुवाल, एन-प्याब्सनका महासचिव प्रकाश खड्का, काठमाडौं विश्वविद्यालयका एसोसिएट डिन प्राध्यापक डा. विनोदप्रसाद पन्त, नेपाल राष्ट्रिय विद्यालय महासंघका राजकुमार कार्की र शैक्षिक व्यक्तित्व सानु अमात्यलगायतले पनि सरकारको उक्त नीतिगत व्यवस्थाको आलोचना गर्दै यसले शिक्षा क्षेत्रमा दीर्घकालीन नकारात्मक असर पार्ने धारणा राखेका थिए।


व्यवसायिक खेतिमा विषादीको कम प्रयोग

आजै घटाऔं विषादीको प्रयोग, अनि भोलि पाउछौं स्वस्थ योग ।

प्राकृतिक मल प्रयोग गरौं, माटो पानी जोगाऔं, हरियाली बढाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम